# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत: प्रकाशन

## (Pro-active Disclosure)

## आ.व. २०८२/०८३

(सार्वजनिक गरिएको अवधि:- २०८३।०१।०१-२०८३।०३।३२ सम्म)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

स.प्रमुख जिल्ला अधिकारी


**जिल्ला प्रशासन कार्यालय, दार्चुला**

फोन:- ०९३-४२०१३३

**E-Mail:-** daodarchula@moha.gov.np

**Web:** www.daodarchula.moha.gov.np

# कार्यालय प्रमुख र सूचना अधिकारी



**वर्तराज पौडेल**
**प्रमुख जिल्ला अधिकारी**
**सम्पर्क नं. 9858727777**



**मोहन सिंह धामी**
**सहायक प्रमुख जिल्ला अधिकारी**
**(सूचना अधिकारी)**
**सम्पर्क नं.  9858724666**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

स.प्रमुख जिल्ला अधिकारी

# विषयवस्तु


१. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृतिः ..... 4

२. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार : ..... 4

३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण : ..... 5

४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा : ..... 5

५. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:- ..... 7

६. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको । ..... 8

७. CCTV Camera:- ..... 9

८. सहायता कक्ष (Help Desk) सञ्चालन:- ..... 10

९. कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:- ..... 10

१०. विधुतिय हाजिरी (E-attendance) सञ्चालन:- ..... 11

११. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी : ..... 12

१२. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :- ..... 14

१३. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ..... 15

१४. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम । ..... 15

१५. सम्पादन गरेको कामको विवरण : (२०८२।०४।०१-२०८२।०६।३१ सम्म) ..... 15

नागरिकता सम्बन्धी विवरणः- ..... **Error! Bookmark not defined.**

मुद्दा सम्बन्धी विवरणः- ..... 18

राहदानी निवेदन दर्ता र वितरण सम्बन्धी विवरणः- ..... 19

राष्ट्रिय परिचय पत्र विवरण दर्ता र वितरण सम्बन्धी विवरण ..... 21

१६. सूचना अधिकारी र प्रमुखको नाम र पद : ..... 43

१७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : ..... 43

१८. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण : ..... 44

१९. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:- ..... 44

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत:प्रकाशन

**(Pro-active Disclosure)**

(सार्वजनिक गरिएको अवधि:- **२०८३।०१।०१–२०८३।०३।३२)**

## १. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृति:

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो। स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ। जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

## २. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार :

१. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने।
२. नागरिकता प्रमाणपत्र वितरण गर्ने।
३. MRP राहदानीको फर्म संकलन तथा सिफारिस गर्ने।
४. नावालक परिचयपत्र जारी गर्ने।
५. आदिवासी जनजाती, दलित सिफारिस गर्ने।
६. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको
७. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण।
८. विस्फोटक पदार्थ सिफारिस र नियमन।
९. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन।
१०. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन।
११. गैरसरकारी संघ, संस्था दर्ता, नवीकरण र नियमन।
१२. स्थानीय प्रशासनको सञ्चालन।
१३. बाल कल्याण तथा बाल अधिकारको संरक्षण।
१४. भ्रष्टाचार नियन्त्रण।
१५. कार्यालय निरीक्षण तथा अनुगमन/सुशासन कायम।
१६. कल्याण धन र बेवारिसी धनको व्यवस्थापन।
१७. चिठ्ठा, जुवा आदिको नियन्त्रण।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

स.प्रमुख जिल्ला अधिकारी

१८. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण।

१९. विपद् व्यवस्थापन।

२०. जिल्ला स्तरमा सार्वजनिक उत्सव कार्यक्रम।

२१. मुआब्जा निर्धारण तथा वितरण।

२२. पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस।

२३. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।

२४. लागू औषध ओसार पसार नियन्त्रण र रोकथाम।

२५. जिल्ला स्थित कारागारको व्यवस्थापन।

२६. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन।

२७. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण।

२८. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग।

२९. राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण।


३०. जिल्लामा सञ्चालित विकास निर्माण कार्यामा सहयोग।

३१. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने।

३२. अन्तराष्ट्रिय सीमा प्रशासन।

३३. न्याय सम्पादन सम्बन्धी कार्य।

३४. निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन।




## ३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण :

**कर्मचारी दरबन्दी:-** १९ (कार्यरत १६ जना)

| सि.नं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | नायव सुब्बा | ३ | २ | १ रिक्त |
| ४ | लेखापाल | १ | - | १ रिक्त (कोलेनिकाबाट अतिरिक्त कामकाज) |
| ५ | कम्प्युटर अपरेटर | २ | २ | |
| ६ | खरिदार | ४ | ३ | १ रिक्त |
| ७ | हलुका सवारी चालक | १ | १ | करार सेवामा कार्यरत |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | करार सेवामा कार्यरत |
| **जम्मा** | | १९ | १६ | ३ जना रिक्त |

## ४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा :

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा :**

- शान्ति सुव्यवस्थाको माध्यमबाट नागरिकको जीउ धनको सुरक्षा गर्ने।

- अपराध हुन नदिन एवं अपराध न्यूनिकरणका लागि समुदायस्तर सम्म सचेतिकरणका कार्यक्रम संचालन गर्ने।
- आम नागरिकलाई मुलुकको संविधान तथा कानून बमोजिम प्राप्त हक अधिकारको निर्वाध प्रयोगको वातावरण बनाउने।
- शान्ति सुरक्षाको कार्यमा सुरक्षा निकायहरुको परिचालन गर्ने।
- सामाजिक विकृति विसंगतिको अन्त्यका लागि सरोकारवालाहरुसंग हातेमालो गरी सभ्य, सदाचारी र सुरक्षित समाजको निर्माणका लागि आवश्यक सबै उपाय अवलम्वन गर्ने।
- समाजमा शान्ति सुरक्षा कायम गर्न जिल्ला स्थित सवै स्थानीय तह, नागरिक समाज लगायत सवै सरोकारवालाहरुसंग सहकार्य/समन्वय गर्ने।
- कार्यालयको दैनिक प्रशासन संचालन गर्ने।
- संघ संस्था दर्ता/नवीकरण, शाखा खोल्ने अनुमति प्रदान, हातहतियार नविकरण, नामसारी, स्वामित्व हस्तान्तरण।
- वहुयात्रा अनुमति पत्र जारी, ताक्लाकोट प्रवेश अनुमति पत्र जारी।
- विष्फोटक पदार्थ प्रयोग सम्वन्धी इजाजत पत्र जारी।
- विभिन्न व्यहोरा शिफारिस/प्रमाणित गर्ने।
- सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण एवं व्यवस्थापन गर्ने।
- निजी सुरक्षा कम्पनीहरुको संचालन अनुमतिका लागि शिफारिस गर्ने।
- ड्रोन उडान अनुमति प्रदान गर्ने, सि.सि-टि.भी. क्यामेराको अनुगमन गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

**ख) राहदानी सम्बन्धी सेवा:**

- राहदानी सम्वन्धी फाराम संकलन गरी विवरण रुजु गर्ने, केन्द्रमा पठाउने।
- द्रुत सेवाका लागि शिफारिस गरी पठाउने।
- संकलन केन्द्रमा प्राप्त राहदानी वुझी वितरण गर्ने।
- राहदानीमा कुनै शंसोधन गर्नु परेमा तत्सम्वन्धी कार्य गर्ने।

**ग) नागरिकता सम्बन्धी सेवा:**

- वंशज/वैवाहिक अंगिकृत नागरिकता प्रदान गर्ने।
- नागरिकताको प्रतिलिपि जारी गर्ने।
- नावालक परिचय पत्र जारी गर्ने।
- घरदैलोमा नै सेवा प्रदान गर्न एकिकृत घुम्ति सेवा शिवीर संचालन गर्ने।
- नागरिकता सम्बन्धी अभिलेख Digitize गर्ने।

स.प्रमुख जिल्ला अधिकारी

**घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा:**

- सार्वजनिक शान्ति विरुद्धको कसुर र विशेष ऐनले तोकेका मुद्दाहरुमा शुरु कारवाही र किनारा गर्ने।
- गुनासो वा ठाडो उजुरी।

**ङ) हातहतियार इजाजत पत्र तथा नवीकरण सम्बन्धी सेवा:**

- हातहतियार इजाजत पत्र नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

**च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा:**

- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

**छ) आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा:**

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन।

**ज) विपद् व्यवस्थापन सम्बन्धी सेवा:**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण।
- विपद् न्यूनीकरणका लागि तयारी।
- विपद् भएको क्षति विवरण संकलन।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुन:स्थापना।

**झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा:**

- अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानबिन र सिफारिस।

**ञ) द्वन्द्ध व्यवस्थापन:**

- द्वन्द्ध प्रभावितहरुको अभिलेख व्यवस्थापन।
- द्वन्द्ध प्रभावित (मृतक/वेपत्ता/अंगभंग भई घाईते भएका) हरुलाई राहत वितरण।

**ट) राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा:-**

- राष्ट्रिय परिचय पत्रको विवरण संकलन गरि राष्ट्रिय परिचय पत्र जारी गर्ने।

**ठ) <u>सुशासन/ सार्वजानिक सेवा प्रवाह सम्बन्धि सेवाहरुः-</u>**

## ५. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:-

सेवाग्राही मैत्री कार्यालय वातावरण निर्माणका लागि कार्यालय परिसर भित्र Free Wi-Fi को व्यवस्था मिलाइएको छ। सेवाग्राहीहरुले आवश्यक रहेका कागजातहरु समेत internet को माध्यमबाट download गरी कार्यालयमा खोजेको समयमा पेश गर्न सजिलो भएको। साथै सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवा समेत प्रयोग गर्ने गरेका छन्।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

स.प्रमुख जिल्ला अधिकारी





## ६. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको ।

कार्यालयको सूचना, समाचार, मासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण, वार्षिक प्रकाशन, कार्ययोजना, जानकारीहरु कार्यालयको वेबसाईट www.daodarchula.moha.gov.np, Facebook page: www.facebook.com/ daodarchula, Twitter: @daodarchula, सूचना Moha SMS System मार्फत नियमित रुपमा अद्यावधिक गरि सार्वजनिक गर्ने गरिएको छ । जिल्ला स्थित स्थानीय तहको वेबसाईट समेत कार्यालयको वेबसाईटमा लिङ्क गरि राखिएको साथै नागरिक वडा पत्र समेत कार्यालयको वेवसाईटमा राखिएको छ ।


**जिल्ला प्रशासन कार्यालयको Website:** https://daodarchula.moha.gov.np/



**जिल्ला प्रशासन कार्यालयको Facebook Page: https://www.facebook.com/daodarchula/**




**जिल्ला प्रशासन कार्यालयको Twitter Page: https://twitter.com/daodarchula**




## ७. CCTV Camera:-

अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढाउने, CCTV/Camera को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने उद्देश्यका साथै कार्यालयको सुरक्षा प्रयोजनार्थ कार्यालयमा CCTV Camera जडान गरि सञ्चालनमा रहेको छ । सबै फांटहरुमा भएका काम कारवाही र कार्यालयमा आगमन/निर्गमन लगायत अन्य गतिविधिको Monitoring प्रमुख जिल्ला अधिकारीको कार्यकक्षबाट गरिने व्यवस्था मिलाइएको छ । जिल्ला स्थित अन्य सरकारी निकाय,

व्यापारिक प्रतिष्ठान, जिल्लाको प्रवेश नाकामा समेत CCTV/Camera जडानमा प्रोत्साहन गरी त्यसको अभिलेख राख्ने र अनुगमन गर्ने गरिएको छ ।






## ८. सहायता कक्ष (Help Desk) सञ्चालन:-

सेवा प्रवाहको विषयमा सेवाग्राहीहरुलाई सहयोग गर्न सहयोग कक्ष (Help Desk) को व्यवस्था गरिएको । नागरिक वडा पत्र पढ्न नजान्ने र सेवा लिन पहिलो पटक कार्यालयमा आउने सेवाग्राहीका लागि सहायता कक्षको माध्यमबाट सेवा लिन सहज भएको पाइएको छ ।




## ९. कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:-

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ र नियमावली २०६५ बमोजिम सार्वजनिक निकायबाट सम्पादित कृयाकलापका सम्वन्धमा सरोकारवालाहरुलाई सहज ढंगले सूचना उपलब्ध गराउन र सेवाका सम्बन्धमा कुनै उजुरी वा गुनासा भए तत्सम्बन्धमा सम्बोधन गर्न सबै सरकारी निकायहरुमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकी सर्ब साधारणले जानकारी पाउने गरी फोटो र सम्पर्क नं. सहितको विवरण कार्यालयमा टांस्न निर्देशन दिइए बमोजिम सबै कार्यालयहरुले उक्त व्यवस्था गरेका छन ।





## १०. विधुतिय हाजिरी (E-attendance) सञ्चालन:-

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिलाई नियमित एवं नियमन गर्न विद्युतीय हाजिरी प्रणाली (E-Attendance Device) सेट मिति २०७३।०३।२७ देखि जडान गरी नियमित रुपमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याइएको छ। यसबाट कर्मचारीको समयपालनामा प्रभावकारिता ल्याएको छ । कोभिड-१९ को संक्रमणको जोखिम उच्च भएको समयमा मेशिनद्वारा हाजिरी लिने काम बन्द भई हाल कोभिड-१९ संक्रमणको दोस्रो लहरको जोखिम न्यूनीकरण भएको हुँदा उक्त मेशिन संचालनमा आई दैनिक हाजिरी लिने गरिएको ।



## ११. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी :

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. कक्ष | अनिल पौडेल | प्र.जि.अ. |  | 9858727777 | |
| २ | स.प्र.जि.अ. कक्ष | मोहन सिंह धामी | स.प्र.जि.अ. |  | 9858724666 | स्थायी |
| ३ | मुद्दा तथा हातहतियार, संघ संस्था दर्ता, पत्र पत्रिका दर्ता फाँट | ज्योति जोशी | खरिदार |  | 9742419906 | स्थायी |
| ४ | विपद् व्यवस्थापन फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |
| ५ | राहदानी फाँट | सुनिता ओली | स.क.अ. | - | 9743487068 | स्थायी |
| ६ | नागरिकता फाँट | नरेन्द्र चौधरी | ना.सु. |  | 9849643771 | स्थायी |
| ७ | नागरिकता फाँट | विनोद कुमार महतो | ना.सु. |  | 9744538459 | स्थायी |
| ८ | सूचना प्रविधि फाँट | मोहन भट्ट | क.अ. |  | 9848844120 | स्थायी |

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| ९ | लेखा फाँट | जगन्नाथ भट्ट | लेखापाल | - | 9858775177 | स्थायी |
| १० | नागरिकता फाँट | राम बहादुर गुरुङ्ग | क.अ. |  | 9868684333 | स्थायी |
| ११ | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |
| १२ | राष्ट्रिय परिचय पत्र फाँट | चक्र पन्त | क.अ. |  | 9868797177 | ज्यालादारी |
| १३ | राष्ट्रिय परिचय पत्र फाँट | नरेन्द्र महरा | का.अ. | - | 9865739541 | |
| १४ | | महेश भट्ट | ह.स.चा. |  | 9848711444 | सेवा करार |

| कार्यालय सहयोगी | | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **नाम थर** | **पद** | **फोटो** | **सम्पर्क नं.** | |
| १५ | उमेश अवस्थी | का.स. |  | 9868352801 | सेवा करार |
| १६ | नन्दा देवी भट्ट | का.स. |  | 9848709575 | सेवा करार |
| १७ | पदम सिंह बडाल | का.स. |  | 9749523284 | सेव |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | रमिता ठेकरे | का.अ. |  | 9868777040 | सेवा करार |
| १९ | सर्जन ओखेडा | का.स. |  | 9848799419 | सेवा करार |

## १२. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. १५/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. ५,०००/– साधारण<br>रु. १०,०००/–हराएको राहदानी वापत | प्रक्रिया पुगेकै दिन | |
| ५ | राहदानी वितरण, नागरिकता अभिलेख | – | तुरुन्त | |
| ६ | गुनासो वा ठाडो उजुरी | - | यथाशीघ्र | |
| ७ | नाम, थर उमेर आदि प्रमाणित | - | प्रक्रिया पुगेकै दिन | |
| ८ | संस्था दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| ९ | संस्था नवीकरण | रु. ५००/– | प्रक्रिया पुगेकै दिन | |
| १० | संस्थाको विधान संशोधन | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १२ | दलित, आदिवासी/जनजाती सिफारिस | - | प्रक्रिया पुगेकै दिन | |
| १३ | पत्रपत्रिका दर्ता | दैनिक रु. १,०००/–<br>साप्ताहिक रु. ५००/–<br>पाक्षिक रु. ३००/–<br>मासिक रु. २००/– | प्रक्रिया पुगेकै दिन | |
| १४ | छापाखाना दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १५ | हातहतियार नामसारी | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |

| | | | | |
|---|---|---|---|---|
| १६ | हा.ह. जिल्ला भित्रको नवीकरण | रु. १००/– | प्रक्रिया पुगेकै दिन | |
| १७ | हा.ह. नेपाल भरिको नवीकरण | रु. ५००/– बारबोर | प्रक्रिया पुगेकै दिन | |
| १८ | क्षतिपूर्ति एवं राहत वितरण | - | प्रक्रिया पुर्याएर | |
| १९ | विष्फोटक पदार्थ ईजाजत-पत्र | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| २० | विष्फोटक पदार्थ ईजाजत-पत्र नविकरण | रु. ५०/– | प्रक्रिया पुगेकै दिन | |

## १३. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगाएत प्रचलित कानून बमोजिम।

**ख) निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी।
- सहायक प्रमुख जिल्ला अधिकारी:- प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

## १४. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम।

## १५. सम्पादन गरेको कामको विवरण : (२०८३।०१।०१-२०८३।०३।३२ सम्म)

**१. नागरिकता अभिलेख Digitalization सम्बन्धमा:-**

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | CIMS मा Entry गरिएको नयाँ नागरिकता | ४४०२ | CIMS लागु भई देखि मिति २०८३।०३।३१ गतेसम्मको विवरण |
| २ | CIMS मा Entry गरिएको पुरानो नागरिकता | १०७९८१ | |
| ३ | CIMS मा Entry गरिएको नयाँ नागरिकता | २०३२ | मिति २०८३ वैशाख १ गतेदेखि मिति २०८३।०३।३१ गतेसम्मको विवरण |
| ४ | CIMS मा Entry गरिएको पुरानो नागरिकता | २२२ | |

**२. नाबालक परिचय पत्र Digitalization सम्बन्धमा:-**

| सि.नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नाबालक परिचय पत्र जारी | ३ | |

**३. राहदानी अभिलेख Digitalization सम्बन्धमा:-**

| सि.नं. | विवरण | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | राहदानी जारी | २८५ | तेस्रो त्रैमासिकमा शत प्रतिशत वितरण भएको, अघिल्लो त्रैमासिकमा वितरण गर्न बाँकी रहेका विद्युतीय राहदानीहरु समेत वितरण भएको। (२०८३ असार २२ गते सम्मको विवरण) |
| २ | राहदानी वितरण | २७७ | |

**केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणाली (CCIMS) को External Module मा प्राप्त नागरिकता सिफारिस सम्बन्धी विवरण:-**

यस जिल्ला स्थानीय तह अन्तर्गतका वडा कार्यालयहरुबाट गृह मन्त्रालयबाट संचालनमा रहेको केन्द्रीय नागरिकता सूचना व्यवस्थापन प्रणालीको External Module को प्रयोग गरी अनलाइन प्रणाली मार्फत वडा कार्यालयहरुले यस कार्यालयलाई नयाँ नेपाली नागरिकता प्रमाणपत्र जारी गर्न सिफारिस गर्ने सम्बन्धमा दार्चुलाका नौं वटै स्थानीय तहका ***कुल जम्मा ६१ वटा वडाहरु मध्ये जम्मा ५८ वटा वडा कार्यालयहरुबाट मिति २०८३।०३।२२ गतेसम्ममा अनलाईन सिफारिसहरु प्राप्त भई नयाँ नागरिकताहरु जारी भएको।*** गृह मन्त्रालयको निर्देशनअनुसार जिल्ला प्रशासन कार्यालय दार्चुलाले मिति २०८२/०७/१८ (च.नं. ६३६) मा जिल्लाका सबै नगरपालिका तथा गाउँपालिकाहरूलाई पत्राचार गर्दै अनिवार्य रूपमा 'अनलाइन नागरिकता सिफारिस प्रणाली' लागू गर्न निर्देशन दिएको।गृह मन्त्रालयको निर्देशनअनुसार कतिपय स्थानीय तह र वडाहरूमा यो प्रणाली पूर्ण रूपमा कार्यान्वयन नभएको देखिएकाले सेवा प्रवाहलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन यथाशीघ्र अनलाइन प्रणाली सुचारु गर्न अनुरोध गरिएको।साथै, सो प्रणाली सञ्चालनका लागि तालिम वा प्राविधिक सहजीकरण आवश्यक भएमा मन्त्रालयसँग समन्वय गर्न सकिने व्यहोरा समेत उक्त पत्रमा उल्लेख गरिएको।

## CCIMS मा भएको पालिका अनुसारको अनलाईन सिफारिस:-

### शैल्यशिखर नगरपालिकाका वडाहरु - ९




---

### महाकाली नगरपालिकाका वडाहरु - ९




---

### अपिहिमाल गाउँपालिकाका वडाहरु - ६

जिल्लाको नाम

Darchula (दार्चुला)

स्थानीय तह

अपिहिमाल गा.पा. (Apihimal R. M.)

| | | | | |
|---|---|---|---|---|
| वार्ड नं: ४ | ४३ | ० | ४३ | ० |
| वार्ड नं: २ | ३६ | १ | ३५ | ० |
| वार्ड नं: ३ | २५ | ० | २५ | ० |
| वार्ड नं: ६ | १२ | २ | १० | ० |
| वार्ड नं: ५ | १० | ० | १० | ० |
| वार्ड नं: १ | १ | ० | १ | ० |

## दुहुँ गाउँपालिकाका वडाहरु - ५

जिल्लाको नाम

Darchula (दार्चुला)

स्थानीय तह

दुहुँ गा.पा. (Duhun R. M.)

| | | | | |
|---|---|---|---|---|
| वार्ड नं: ४ | १६७ | ० | १६७ | ० |
| वार्ड नं: ५ | ११५ | ० | ११५ | ० |
| वार्ड नं: २ | ७० | १ | ६९ | ० |
| वार्ड नं: १ | ३३ | २ | ३१ | ० |
| वार्ड नं: ३ | १७ | १ | १६ | ० |

## नौगाड गाउँपालिकाका वडाहरु - ६

जिल्लाको नाम

Darchula (दार्चुला)

स्थानीय तह

नौगाड गा.पा. (Naugad R. M.)

| | | | | |
|---|---|---|---|---|
| वार्ड नं: ४ | २९७ | २ | २९५ | ० |
| वार्ड नं: ६ | २३४ | ० | २३४ | ० |
| वार्ड नं: २ | २१७ | ५ | २१२ | ० |
| वार्ड नं: ३ | १८१ | ३ | १७८ | ० |
| वार्ड नं: ५ | ११७ | १ | ११६ | ० |
| वार्ड नं: १ | ४६ | ६ | ४० | ० |

## लेकम गाउँपालिकाका वडाहरु - ६

जिल्लाको नाम


Darchula (दार्चुला)

स्थानीय तह

लेकम गा.पा. (Lekam R. M.)

| | | | | |
|---|---|---|---|---|
| वार्ड नं: ५ | ११७ | २ | ११५ | ० |
| वार्ड नं: ६ | ११५ | ० | ११५ | ० |
| वार्ड नं: १ | ४२ | ० | ४२ | ० |
| वार्ड नं: ३ | ३७ | २ | ३५ | ० |
| वार्ड नं: ४ | ३१ | ० | ३१ | ० |
| वार्ड नं: २ | २ | ० | २ | ० |

## व्याँस गाउँपालिकाका वडाहरु - ३




## मालिकार्जुन गाउँपालिकाका वडाहरु - ८




## मार्मा गाउँपालिकाका वडाहरु - ६




## मुद्दा सम्बन्धी विवरण:-

मुलुकी फौजदारी कार्यविधि (संहिता), ऐन, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र रही दायर हुन आएका यस कार्यालयमा दर्ता भएका देहाय बमोजिमका जिम्मेवारी सरी आएका मुद्दाहरुको कार्य प्रगति विवरण तपसिल बमोजिम रहेको छ।

**आ.व. २०८१/०८२ बाट जिम्मेवारी सरी आएका मुद्दाहरु**

| क्र.सं. | मुद्दाको विवरण | जिम्मेवारी सरी आएका मुद्दाहरु | फछ्र्यौट | फछ्र्यौट % | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अभद्र व्यवहार गर्न नहुने मुद्दा | ४ | ४ | | | |
| २ | सवारी ज्यान क्षतिपुर्ति सम्बन्धी | १ | - | ८०% | १ | |
| ३ | जुवा खेल्न नहुने मुद्दा | - | - | | | |
| | **जम्मा** | ५ | ४ | ८०% | १ | |

## हालसम्मको कुल जम्मा मुद्दा फछ्र्यौट सम्बन्धी विवरण (आ.व. २०८२/२०८३ दोस्रो त्रैमासिकसम्मको)

मुलुकी फौजदारी कार्यविधि (संहिता), ऐन, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र रही दायर हुन आएका यस कार्यालयमा दर्ता भएका देहाय बमोजिमका कुल मुद्दाहरुको कार्य प्रगति विवरण तपसिल बमोजिम रहेको छ।

**जम्मा मुद्दाहरु**

| क्र.सं. | मुद्दाको विवरण | दर्ता भएका | फछर्यौट | फछर्यौट % | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अभद्र व्यवहार गर्न नहुने मुद्दा | १८ | १६ | 81.81% | २ | |
| २ | जुवा खेल्न नहुने | १ | १ | | - | |
| ३ | सवारी ज्यान क्षतिपुर्ति सम्बन्धी | ३ | १ | | २ | |
| | **जम्मा** | २२ | १८ | 81.81% | ४ | |

## राहदानी सम्बन्धी विवरण:-


यस कार्यालयमा विद्युतीय राहदानीका लागि पेश हुन आएका राहदानी आवेदन फाराम दर्ता भई सेवाग्राहीको Biometric विवरण लिई सम्पूर्ण प्रकृया पु-याए पश्चात राहदानी विभागबाट तयार भई आ.व. २०८२/०८३ को वैशाख १ गतेदेखि असार २२ गतेसम्ममा यस कार्यालयमा प्राप्त भएका राहदानीहरु तपशिल बमोजिम वितरण गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

साथै राहदानी वितरण गर्ने सम्बन्धमा सेवाग्राहीहरुको मोबाईल नं.मा SMS मार्फत जानकारी प्राप्त हुने, तयारी भई आएका राहदानीहरुको सूची विवरण एवं सूचना कार्यालयको वेभसाईट, सामाजिक सञ्जालमा राख्ने कार्य गरिएको। यस कार्यालयबाट जिल्ला स्थित स्थानीय तहहरुलाई यस कार्यालयमा तयार भई आएका राहदानीहरुलाई बुझ्नका लागि वडा कार्यालय मार्फत निजहरुलाई जानकारी गर्न सूचना प्रवाह गरिदिन हुन अनुरोध गर्ने गरिएको व्यहोरा सादर अनुरोध छ।

**तपशिल**


| सि.नं. | आ.व. २०८२/०८३ वैशाखदेखि असार २२ गतेमा | | | कैफियत |
|---|---|---|---|---|
| | संकलन फाराम दर्ता | वितरण गरिएका राहदानीहरु | | |
| | | संख्या | प्रतिशत % | |
| १ | २८५ | २७७ | ९७.१९% | विभागबाट प्राप्त राहदानीहरु ९७.१९ प्रतिशत वितरण गरिएको।अघिल्लो त्रैमासिकमा वितरण गर्न बाँकी रहेका विद्युतीय राहदानीहरु समेत वितरण भएको । (२०८३ असार २२ गते सम्मको विवरण) |

**कार्यालयको सामाजिक सञ्जालमा राखिएको सूचना।**






## कार्यालयको वेभसाईटमा राखिएको सूचना




## हुलाक सेवा मार्फत पासपोर्ट वितरण कार्यक्रमको सुरुवात



नेपाल सरकारको १०० बुँदे नीति अनुरुप सेवाग्राहीको पासपोर्ट घर ठेगानामा नै हुलाक सेवा मार्फत पासपोर्ट वितरण कार्यक्रमको सुरुवात भएको ।

## राष्ट्रिय परिचय पत्र विवरण दर्ता र वितरण सम्बन्धी विवरण

यस कार्यालय मातहत रहेको राष्ट्रिय परिचय पत्र विवरण दर्ता स्टेशन-२ बाट विवरण संकलन गरिएका राष्ट्रिय परिचयपत्रको विवरणहरु मध्ये राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट छपाई भएका राष्ट्रिय परिचयपत्र कार्डहरु (NID Card) ऐ. विभागको पत्र संख्या, च.नं. ५७४ मिति २०८०।०८।०८ गतेको पत्रबाट मिति २०८०।०८।१३ गतेमा यस कार्यालयमा ***कुल जम्मा कार्डहरु १७१४२ (सत्र हजार एकसय बयालिस मात्र )*** प्राप्त भएको।यस कार्यालयमा प्राप्त भएका राष्ट्रिय परिचयपत्र कार्डहरु तपशिल बमोजिम वितरण गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

साथै कार्ड वितरण गर्ने सम्बन्धमा सेवाग्राहीहरुको मोबाईल नं.मा SMS मार्फत जानकारी प्राप्त हुने, तयारी भई आएका कार्डहरुको सूची विवरण एवं सूचना कार्यालयको वेभसाईट, सामाजिक सञ्जालमा राख्ने गरिएको। यस कार्यालयको च.नं. ४१६, मिति २०८१।०५।२८ गतेको पत्रबाट उक्त कार्डहरुको वितरण गर्ने प्रकृयालाई अझै प्रभावकारी बनाउन स्थानीय तहहरुको सहयोगमा बाँकी रहेका कार्डहरुलाई स्थानीय तहमा नै गई वितरण गर्नका ***लागि Card Reader-२ थान र USB Hub Device-२ थान उपकरणहरु माग गरिएकोमा*** विभागबाट उक्त कार्ड रिडर-१ थान उपकरणहरु प्राप्त भएको।उक्त NID Card हरुलाई यस जिल्ला स्थित स्थानीय तहमा समेत गई NID कार्ड वितरण गर्ने योजना बमोजिम यस कार्यालयबमा विवरण दर्ता गरी कार्यालयमा प्राप्त भएका NID कार्डहरुलाई मिति २०८३ असार १९ गतेदेखि २१ गतेसम्म वितरण गर्न खटि गएका विवरण दर्ता अपरेटर चक्र पन्तले यस जिल्लाको शैल्यशिखर नगरपालिका स्थित इलाका प्रशासन कार्यालय गोकुलेश्वरमा गई जम्मा ११३ वटा कार्डहरु वितरण गरिएको।कार्ड वितरण गर्ने सम्बन्धमा स्थानीय तहसंग ***आवश्यक समन्वय तथा व्यवस्थापन भईरहेको*** र हालसम्म कार्यालयबाट र स्थानीय तहमा गई वितरण गरिएको कार्डहरुको विवरण तपशिल बमोजिम रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**हालसम्मको NID कार्ड वितरण विवरण:-**

| सि.नं. | जम्मा प्राप्त संख्या | जम्मा वितरण | प्रतिशत % | कैफियत |
|---|---|---|---|---|
| १ | १७१४२ | ६०२१ | ३५.१२% | (विभागबाट २०८०।०८।१३ मा कार्ड प्राप्त भई हालसम्म जम्मा कार्ड ६०२१ वितरण गरिएको) |

**आ.व. २०८२/०८३ वैशाख देखि असार २१ गतेसम्ममा विवरण दर्ता र कार्ड वितरण (त्रैमासिक रुपमा)**

| सि.नं. | राष्ट्रिय परिचयपत्र विवरण दर्ता | कार्ड वितरण | कैफियत |
|---|---|---|---|
| १ | २१४९ | ३७३ | कार्यालयबाट NID कार्ड वितरण गरिएको |

| सि.नं. | कार्ड वितरण | कैफियत |
|---|---|---|
| १ | ११३ | यस जिल्लाको शैल्यशिखर नगरपालिका स्थित इलाका प्रशासन कार्यालय गोकुलेश्वरमा गई जम्मा ११३ वटा कार्डहरु वितरण गरिएको। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎०९३-४२०१३३
☎०९३-४२००१७
☎०९३-४२०२१४

email:daodarchula@gmail.com
web:daodarchula.moha.gov.np


प.सं. २०८२।०८३

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण शाखा

खलंगा, दार्चुला

मिति:२०८३।०३।१८

## राष्ट्रिय परिचयपत्र (NID Card) वितरण सम्बन्धी अत्यन्त जरुरी सुचना।।।

प्रस्तुत विषयमा यस कार्यालयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट मिति २०७७ असोज देखि २०८० श्रावण मसान्तसम्म राष्ट्रिय परिचय पत्र विवरण दर्ता गराई कार्ड प्राप्त भएका तपसिलका स्थानीय तहका सेवाग्राहीहरूको राष्ट्रिय परिचयपत्र (NID Card) वितरणका लागि इलाका प्रशासन कार्यालय, गोकुलेश्वरबाट NID कार्डहरु देहायको मितिमा वितरण गर्ने कार्यक्रम सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

१. कार्ड वितरण हुने स्थानीय तहहरू:
- शैल्यशिखर नगरपालिका सबै वडाहरु
- नौगाड गाउँपालिकाका वडाहरु ३, ४, ५, ६
- लेकम गाउँपालिकाका वडाहरु १, २, ५, ६,
- मार्मा गाउँपालिका सबै वडाहरु
- अपिहिमाल गाउँपालिकाका सबै वडाहरु

२. वितरण हुने मिति र समय:
- मिति: २०८३ साल असार १९ गते शुक्रबारदेखि २०८३ साल असार २१ गते आइतबारसम्म ।
- समय: कार्यालय समयभित्र ।

३. वितरण हुने स्थान:
- इलाका प्रशासन कार्यालय, गोकुलेश्वर, दार्चुला ।

४. आवश्यक कागजात तथा ध्यान दिनुपर्ने कुराहरू:
- कार्ड लिनका लागि सम्बन्धित **सेवाग्राही स्वयं उपस्थित** हुनुपर्नेछ (बायोमेट्रिक/औंठाछाप रुजु गर्नुपर्ने भएकोले)।
- कार्ड बुझ्न आउँदा राष्ट्रिय परिचयपत्र दर्ता गर्दा प्राप्त भएको दर्ता रसिद **(NID Slip)** वा **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि** अनिवार्य साथमा लिई आउनुहुन अनुरोध छ ।

अनिल पौडेल
प्रमुख जिल्ला अधिकारी

अनिल पौडेल
प्रमुख जिल्ला अधिकारी

## लागु औषध कारोबार र प्रयोगको सम्भाव्य क्षेत्र तथा सीमा नाकामा गरिएको निरीक्षण र अनुगमन सम्बन्धी प्रतिवेदन (आ.व. २०८२/०८३ चौथो त्रैमासिक)

लागु औषधको अवैध कारोबार र दुर्व्यसनले समाजमा गम्भीर असर पारिरहेको छ। विशेष गरी खुल्ला सीमा नाका र बजार क्षेत्रका निश्चित स्थानहरू लागु औषध ओसारपसार र प्रयोगका लागि 'हटस्पट' बन्ने जोखिम देखिएकोले यसको रोकथाम तथा नियन्त्रणका लागि सम्भाव्य क्षेत्र र सीमा नाकाको विशेष निरीक्षण तथा अनुगमन गरिएको हो।

यस जिल्लास्थित नेपाल-भारत सीमा नाकाहरूबाट हुने आवतजावतलाई व्यवस्थित गर्न, लागु औषधको ओसारपसार नियन्त्रण गर्न र भन्सार छली चोरी निकासी पैठारीलाई निरुत्साहित गर्न जिल्ला प्रशासन कार्यालय तथा मातहतका सुरक्षा निकायहरूबाट नियमित तथा आकस्मिक अनुगमन हुँदै आएको छ। प्रमुख जिल्ला अधिकारी दार्चुला र जिल्ला स्थित सुरक्षा निकायहरुबाट समय समयमा दार्चुला जिल्ला स्थित रहेका नेपाल-भारत सीमा नाकाहरुको अनुगमन निरीक्षण हुँदै आएको छ ।

गृह मन्त्रालय र प्रमुख जिल्ला अधिकारी दार्चुला बीच भएको कार्य सम्पादन सम्झौता बमोजिम लागू औषधको अवैध कारोबार तथा प्रयोगको रोकथाम र सीमा सुरक्षा व्यवस्थालाई चुस्त बनाउन प्रमुख जिल्ला अधिकारी श्री अनिल पौडेलज्यूको आदेशानुसार मिति २०८३/०३/२१ गतेका दिन सहायक प्रमुख जिल्ला अधिकारी श्री मोहन सिंह धामीज्यूबाट नेपाल-भारत सीमा नाकाहरूको स्थलगत निरीक्षण तथा अनुगमन सम्पन्न भएको छ। दार्चुला जिल्लास्थित खलंगा-धारचुला सीमा नाका पुलघाँटमा पुगी गरिएको उक्त निरीक्षणका क्रममा त्यहाँ खटिएका सुरक्षाकर्मीहरूसँग सीमा क्षेत्रको वस्तुस्थिति, आवतजावत गर्ने नागरिकहरूको अभिलेख व्यवस्थापन र लागू औषध ओसारपसार नियन्त्रणमा अपनाइएका सजगताका बारेमा जानकारी लिइएको थियो। अनुगमनका क्रममा सहायक प्रजिअ मोहन सिंह धामीले सीमा नाकामा हुने अवाञ्छित गतिविधि र अवैध कारोबार रोक्न सुरक्षा जाँचलाई थप प्रभावकारी बनाउनुका साथै सीमावर्ती क्षेत्रमा उच्च सतर्कता अपनाउन सुरक्षा निकायहरूलाई आवश्यक निर्देशन दिनुभएको छ। सहायक प्रमुख जिल्ला अधिकारीज्यूबाट तयार पारिएको सीमा नाका निरीक्षण अनुगमन प्रतिवेदन यसै साथ संलग्न छ ।

यसका साथै जिल्ला स्थित सुरक्षा निकायहरुबाट देहाय बमोजिम जिल्ला अन्तर्गत समुदाय र विद्यालय स्तरमा लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार बिरुद्धको जनचेतनामुलक कार्यक्रम हुनुका साथै दार्चुला जिल्लामा लागु औषध कारोबार सम्बन्धी नियमित चेकजाँच हुने क्रममा चालु आ.व. २०८२/०८३ मा ३ किलो ४८६ ग्राम ८८ मिलि ग्राम चरेश, १०.९५ ग्राम खैरो हेरोईन नियन्त्रण लिएको छ ।

**सुरक्षा निकायहरुबाट भएको लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार बिरुद्दको जनचेतनामुलक कार्यक्रम**को संक्षिप्त जानकारी यस प्रकार छ:

**कार्यक्रमको मुख्य संक्षेप:-**

- **कुल संचालन भएको कार्यक्रम संख्या:** १४१ वटा
- **मुख्य उद्देश्य/शिर्षक:** लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध समुदाय र विद्यालय स्तरमा जनचेतना जगाउने।
- **प्रमुख क्षेत्र:** दार्चुला जिल्लाका विभिन्न स्थानीय तहहरू (व्याँस, लेकम, मालिकार्जुन, दुहुँ, शैल्यशिखर, नौगाड आदि) का वडा, गाउँ तथा टोलहरू।

**लक्षित वर्ग र सहभागी विवरण:-**

कार्यक्रम समुदाय र विद्यालय दुवै स्तरमा सञ्चालन गरिएको थियो, जसको विभाजन यस प्रकार छ:

- **समुदाय स्तरमा:** ९७ वटा कार्यक्रम
- **विद्यालय स्तरमा:** ३५ वटा कार्यक्रम

**कुल सहभागी संख्या (३,७२३ जना):**

- **पुरुष:** १,२६७ जना

- **महिला:** ५२० जना
- **बालक:** ९४१ जना
- **बालिका:** ९९५ जना

**सेवा प्रवाह सम्बन्धमा सहजिकरण, समन्वय र सार्वजनिक सुनुवाई सम्बन्धी विवरण:-**

**मिति: २०८३ आषाढ २३ गते**

**स्थान:- कार्यालय परिसर**

### १. पृष्ठभूमि तथा कार्यक्रमको विवरण

जिल्ल प्रशासन कार्यालय दार्चुलाबाट प्रवाह हुने सेवालाई पारदर्शी, जवाफदेही र जनमुखी बनाउने उद्देश्यका साथ जिल्ला प्रशासन कार्यालय, दार्चुलाको आयोजनामा मिति २०८३ साल आषाढ २३ गते मङ्गलवारका दिन कार्यालय परिसरमा प्रमुख जिल्ला अधिकारी श्री अनिल पौडेलज्यूको अध्यक्षतामा 'सार्वजनिक सुनुवाई कार्यक्रम' सम्पन्न भएको छ। उक्त कार्यक्रममा जिल्ला समन्वय समिति दार्चुलाका प्रमुख श्री महादेव बडू 'कश्यप' ज्यूको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरू, स्थानीय जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू (नेकपा एमालेका सचिव उमेश राज जोशी, नेपाली कांग्रेसका प्रतिनिधि खडक सिंह, नेकपाका गोविन्द पाण्डेय लगायत), सुरक्षा निकायका प्रमुखहरू (जिल्ला प्रहरी कार्यालयका प्रमुख गौरव महत, सशस्त्र प्रहरी बलका गुण राज न्यौपाने लगायत), नेपाल पत्रकार महासंघका अध्यक्ष राजेन्द्र सिंह धामी, नागरिक समाज, महिला आमा समूह (मोहनी अवस्थी, भुवनेश्वरी जोशी), देउडा संस्कृति अभियन्ता धनमती बोहरा र आम सेवाग्राही गरी कुल ७१ जनाभन्दा बढीको सक्रिय उपस्थिति रहेको थियो।

### २. कार्यालयको सेवा प्रवाहको प्रगति तथा समन्वय/सहजीकरण

आ.व. २०८२/०८३ मा यस कार्यालयबाट प्रवाह गरिएका सेवाहरू तथा अन्तर-निकाय समन्वयका क्षेत्रमा निम्नानुसारको उल्लेखनीय प्रगति हासिल भएको विवरण कार्यक्रममा प्रस्तुत गरियो:

- सेवा प्रवाह प्रगति: चालु आ.व. को असार १६ गतेसम्म ४,६५९ नागरिकता (जिल्ला प्रशासनबाट ४,१२० र इलाका प्रशासन गोकुलेश्वरबाट ५३९) जारी गरिएको। १,२०० राहदानी र ६,२७९ राष्ट्रिय परिचयपत्र विवरण दर्ता सम्पन्न भएको।
- नवप्रवर्तन र भौतिक सुधार: सेवाग्राहीका लागि व्यवस्थित प्रतिक्षालय (Shade) र आरामदायी कुर्सी, अत्याधुनिक शुद्ध पिउने पानी मेसिन, टिभी र मूल ढोकामै 'Help Desk' स्थापना गरी पूर्वाधारमा व्यापक सुधार गरिएको। ६१ मध्ये ५८ वडा कार्यालयबाट अनलाइन सिफारिस प्रणाली लागू भइसकेको।
- समन्वय तथा सहजीकरण: मन्त्रिपरिषद्को निर्णय बमोजिम धाप सुख्खा बन्दरगाह (ICP) निर्माणका लागि सरकारी जग्गा उपयोग गराउने ऐक्यवद्धता (२०८२।०८।०२) र जिल्ला अस्पतालको अधुरो भवन एवं महाकाली नदी तटबन्ध मर्मतमा निरन्तर समन्वय गरिएको। रक्तसञ्चार केन्द्र स्थापनाका लागि रु. ५,०२,८८१ स्वैच्छिक संकलन गरी रेडक्रसलाई हस्तान्तरण गरिएको।

### ३. नागरिक सन्तुष्टि अभिमत (Exit Poll) को नतिजा विश्लेषण

मिति २०८३ असार १७ गतेदेखि २२ गतेसम्म यस कार्यालयबाट सेवा लिई बाहिरिएका कुल १५० जना सेवाग्राहीहरू बीच (डाटा संकलक सारङ्गी खत्री, सहजकर्ता प्रकाश चन्द्र भट्ट र कार्यक्रम संयोजक नरेन्द्र सिंह कार्कीद्वारा) ११ वटा मुख्य प्रश्नहरू समेटेर संकलन गरिएको 'नागरिक प्रतिवेदन (Citizen Report Card)' को नतिजा देहाय बमोजिम पाइएको छ:

| सूचक / विधा (Indicators) | संकलित प्रतिक्रिया तथा तथ्याङ्क (Data Breakdown) | मुख्य निष्कर्ष (Key Takeaways) |
|---|---|---|
| **१. सेवाको विधा** | नागरिकता: ५५ \| राष्ट्रिय परिचयपत्र: ५४ \| राहदानी: १८ \| अन्य सेवा: २५ | कार्यालयमा नागरिकता र राष्ट्रिय परिचयपत्रको चाप उच्च देखिन्छ। |
| **२. विचौलियाको प्रभाव** | आफै एक्लै काम सम्पन्न: १३४ \| इष्टमित्रको सहयोग: १८ \| विचौलिया/पैसा बुझाएको: ३/१ | ९०% भन्दा बढी नागरिकले बिना कुनै विचौलिया वा आर्थिक लेनदेन आफैं काम फत्ते गरेका छन्, जसले भ्रष्टाचारमुक्त प्रशासन स्पष्ट पार्छ। |
| **३. सेवा प्राप्तिको समय** | १ घण्टा भित्र: १११ जना \| ३ घण्टा भित्र: २३ जना \| पुरै दिन/धेरै दिन लागेको: १६ जना | ७४% भन्दा बढी सेवाग्राहीको काम कार्यालय प्रवेश गरेको एक घण्टा भित्रै सम्पन्न भएको पाइएको छ। |
| **४. कर्मचारीको व्यवहार** | सहयोगी र मित्रवत: १३९ जना \| झर्कीफर्की/काम पन्छाउने/कुरा सुन्न नचाहने: ५ जना | ९२% भन्दा बढी सेवाग्राही कर्मचारीको व्यवहारप्रति पूर्ण सन्तुष्ट छन्, बाँकी ५ जनाको हकमा व्यवहार सुधार गर्न निर्देशित गरिएको छ। |
| **५. भौतिक पूर्वाधार (बस्ने/पानी/TV)** | अत्यन्त उपयोगी: १० \| उपयोगी: ९४ \| ठिक ठिकै: ४० \| उपयोगी नपाइएको: ६ | कार्यालयले हालै निर्माण गरेको 'Shade' र पिउने पानीको व्यवस्थालाई बहुसंख्यक (१०४ जना) नागरिकले निकै उपयोगी मानेका छन्। |

यस जिल्ला प्रशासन कार्यालय दार्चुलाको सेवा प्रवाह पारदर्शी र नागरिकमैत्री रहेको तथ्य यस जनअभिमतले पुष्टि गरेको छ। कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरूलाई मार्गदर्शनको रूपमा लिई आगामी दिनमा सेवालाई थप प्रविधिमैत्री र झन्झटमुक्त बनाउन यो कार्यालय कटिबद्ध छ। यस प्रतिवेदनमा उल्लेखित चुनौतीहरूमा मन्त्रालयबाट आवश्यक मार्गदर्शनका लागि सादर अनुरोध गर्दछु।

**कार्यक्रममा लिएका तस्विरहरु, उपस्थिति, Exit Pole प्रतिवेदन, प्रश्नावली, सम्झौता यसै साथ संलग्न छ ।**






सार्वजनिक सुनुवाई




**सबै स्थानीय तहमा शान्ति सुरक्षा, अपराध न्यूनीकरण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन**

प्रस्तुत विषयमा गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय दार्चुलाबीच आ.व. २०८२/०८३ मा भएको कार्य सम्पादन करार सम्झौताको कार्यान्वयनका सिलसिलामा मिति २०८३ साल जेठ १७ गतेका दिन यस जिल्लाको अपि हिमाल गाउँपालिका वडा नं. १ को कार्यालय/स्थलमा अपिहिमाल गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष **श्री पोखर सिंह लोथ्यालज्यूको अध्यक्षतामा** प्रमुख जिल्ला अधिकारी **श्री अनिल पौडेलज्यूको प्रमुख आतिथ्यतामा** स्थानीय जनप्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, बुद्धिजीवी, युवा तथा स्थानीय नागरिकहरू गरी अन्दाजी २५/३० जनाको उपस्थितिमा स्थानीय तहका नागरिकहरूमा देशको विद्यमान शान्ति सुरक्षाको अवस्था, अपराध नियन्त्रणमा नागरिकको भूमिका र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताका विषयमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रस्तुत कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रम अत्यन्तै सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको र स्थानीय नागरिकहरूले उठाएका देहाय बमोजिमका सञ्चार, सुरक्षा र विकासका सवालहरूलाई सम्बोधन गर्न जिल्ला प्रशासन कार्यालय दार्चुला प्रतिबद्ध रहेको व्यहोरा अवगत गराउँदै, आगामी दिनमा पनि यस्ता सचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइने ।

**देहायः-**

- स्थानीय स्तरमा हुन सक्ने सम्भावित अपराध, लागूऔषध दुर्व्यसनी, सामाजिक विकृति र अनधिकृत गतिविधि नियन्त्रणमा स्थानीय समुदाय र प्रशासनबीचको सहकार्य भएको।
- जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहबाट प्रवाह हुने सार्वजनिक सेवालाई कसरी थप सरल, पारदर्शी र जनमुखी बनाउने भन्नेबारे सचेतना गरिएको।
- कार्यक्रमकै अवसरमा अपिहिमाल गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने सामरिक तथा पर्यटकीय महत्त्वको क्षेत्र **अपिहिमाल बेसक्याम्पसम्म नेपाल टेलिकमको विद्युतीय सञ्चार (फोन/नेटवर्क) सेवा** तत्काल विस्तार गर्नुपर्ने विषयमा गहन छलफल भई स्थानीय स्तरबाट जोडदार माग बमोजिम सोको लागि यस कार्यालयको च.नं. २३५२, मिति २०८३।०२।२० गतेको पत्रबाट

नेपाल टेलिकम भद्रकाली प्लाजा, काठमाडौंलाई कम्तिमा २ (दुई) वटा टेलिफोन टावर थप गर्ने सम्बन्धमा आवश्यक पहल/व्यवस्थापन गरिदिन लेखि पठाईएको।

**कार्यक्रममा लिएका तस्वीरहरु**





## कार्यालयको अभिलेख व्यवस्थापन सम्बन्धी विवरण।

प्रस्तुत विषयमा यस जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी, छिटोछरितो र सुव्यवस्थित बनाउन कार्यालयका पुराना तथा अति महत्त्वपूर्ण अभिलेखहरूको उचित संरक्षण गर्नुपर्ने आवश्यकता रहेको थियो। सोही आवश्यकतालाई मध्यनजर गर्दै यस कार्यालय र **सघन सहरी तथा भवन निर्माण आयोजना, पाटन बैतडी**को आर्थिक सहयोगमा यस कार्यालयको पुरानो प्रशासकीय भवनमा अभिलेख व्यवस्थापनको कार्य सम्पन्न गरिएको छ।

विभिन्न शाखागत संवेदनशील कागजातहरूलाई धूलो, ओस, कीरा जस्ता जोखिमबाट सुरक्षित राख्न पुरानो प्रशासकीय भवनको कोठालाई अभिलेख कक्षको रूपमा स्तरोन्नति गरिएको छ। कागजातहरू सुरक्षित र व्यवस्थित तवरले राख्नका लागि मापदण्ड अनुसारका **मजबुत फलामका र्याकहरू** निर्माण गरिएको छ। सघन सहरी तथा भवन निर्माण आयोजना, पाटन बैतडीको सहयोगमा फलामका र्याकहरू निर्माण भई अभिलेख व्यवस्थापनको कार्य सम्पन्न भएपश्चात् सरकारी सम्पत्ति र संवेदनशील कागजातहरूको पूर्ण सुरक्षा सुनिश्चित भएको छ। यसबाट सेवाग्राहीका पुराना विवरणहरू खोज्न लाग्ने समयमा भारी कटौती भई सार्वजनिक सेवा प्रवाह थप चुस्त, दुरुस्त र पारदर्शी बनेको छ।

नवनिर्मित फलामका र्याकहरूमा कार्यालयका देहाय बमोजिमका महत्त्वपूर्ण कागजात तथा स्रेस्ताहरूलाई शाखागत रूपमा वर्गीकरण गरी सुरक्षित साथ राखिएको छ।

**देहायः-**

| सि.नं. | शाखाको नाम | सुरक्षित राखिएका कागजातहरूको विवरण |
|---|---|---|
| १ | **नागरिकता शाखा** | नागरिकता प्रमाण पत्र प्राप्त गर्दा सेवाग्राहीले पेश गरेका आवश्यक कागजात, अनुसूची फारम तथा पुराना ढड्डाहरू। |
| २ | **लेखा शाखा** | कार्यालयको आर्थिक कारोबार झल्काउने लेखाका स्रेस्ता, खर्चका बिल-भरपाई तथा लेखापरीक्षण सम्बन्धी कागजातहरू। |
| ३ | **मुद्दा शाखा** | कार्यालयमा दर्ता भई किनारा लागेका वा प्रक्रियामा रहेका विभिन्न मुद्दाका मिसिल तथा फैसला सम्बन्धी अभिलेखहरू। |
| ४ | **हातहतियार शाखा** | जिल्ला भित्रका हातहतियार दर्ता, नवीकरण, इजाजतपत्र र लगत सम्बन्धी सम्पूर्ण कागजातहरू। |
| ५ | **संघ संस्था शाखा** | जिल्लामा दर्ता भएका गैरसरकारी संघ संस्थाहरूको दर्ता, नवीकरण, विधान तथा अनुगमन सम्बन्धी फाइलहरू। |
| ६ | **पत्रपत्रिका शाखा** | स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिका दर्ता, वर्गीकरण र सञ्चार सम्बन्धी पुराना अभिलेखहरू। |
| ७ | **अन्य** | कार्यालयका अन्य महत्वपूर्ण पत्राचार, परिपत्र तथा सुरक्षित राख्नुपर्ने सरकारी दस्तावेजहरू। |

**र्याक निर्माण गरि राखिएका अभिलेखहरुः-**






## विपदको समयमा उद्धार र राहत वितरण सम्बन्धी विवरण

आ.व. २०८२/०८३ को बैशाख देखि असार मसान्तसम्मको त्रैमासिक अवधिमा विपद जन्य घटनाबाट उल्लेख्य क्षति नभएको ।पुर्ववत मनसुनजन्य वर्षातका कारण विपद्जन्य घटना बाढी/पहिरोबाट क्षति भएको र आसन्न मनसुनजन्य वर्षातबाट हुन सक्ने सम्भावित धनजन

क्षतिको न्युनीकरण/रोकथाम कार्यका लागि विभिन्न व्यक्ति/परिवार/सार्वजनिक संस्थाहरुलाई ग्यावीन तारजाली उपलब्ध गराईएको ।विपद प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्र्थापना अनुधान कार्यविधि, २०८१ बमोजिम कायम भएका विपद पिडित लाभग्राहीहरुलाई निजी आवास (घर) निर्माण वापत कार्य सम्पन्नताको आधारमा स्थानीय तहको सिफारिश अनुसार प्रथम/दोस्रो/तेस्रो किस्ताको रकम भुक्तानी गरिएको।शान्ति,सुरक्षा अपराध नियन्त्रण सम्बन्धमा सुरक्षा निकाय नेपाल प्रहरीबाट भएको खोज तथा उद्धार कार्यको विवरण तपशिल बमोजिम तयार गरी प्रतिवेदन पेश गरिएको छ ।

**तपशिलः-**

**(क) निजी आवास/घर क्षति भएका विपद पिडित परिवालाई उपलब्ध गराईएको राहत रकमको वितरणः-**

| सि.नं. | स्थानीय तह | लाभग्राहीको किसिम | अनुदान प्राप्त गर्ने विपद पिडित परिवार संख्या | प्रति लाभग्राहीलाई उपलब्ध गराईएको अनुदान रकमको विवरण रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुहुँ गाउँपालिका वडा नं. १,२,३,४ र ५ | पुनर्निर्माण | १५८ | १,६५,०००/- | प्रदेश सरकारबाट उपलब्ध हुने लागत सहभागिताको प्रथम/दोस्रो/तेस्रो तिनै किस्ता अनुदान रकम भुक्तानी गरिएको। |
| २ | दुहुँ गाउँपालिका वडा नं. १,२,३,४ र ५ | पुनर्निर्माण | ४१ | १,४०,०००/- | संघीय सरकार र स्थानीय तहबाट उपलब्ध हुने तेस्रो किस्ता रकम भुक्तानी गरिएको। |
| ३ | दुहुँ गाउँपालिका | पुनर्निर्माण | ६ | १,75,०००/- | संघीय र स्थानीय तहबाट उपलब्ध हुने दोस्रो किस्ता रकम भुक्तानी गरिएको। |
| ४. | मार्मा गाउँपालिका, दार्चुला | पुनर्निर्माण | २ | ५०,०००/- | संघीय,प्रदेश र स्थानीय तहबाट उपलब्ध हुने प्रथम किस्ता रकम भुक्तानी गरिएको। |
| ५ | मार्मा गाउँपालिका, दार्चुला | प्रबलीकरण | १ | २५,०००/- | संघीय,प्रदेश र स्थानीय तहबाट उपलब्ध हुने प्रथम किस्ता रकम भुक्तानी गरिएको। |
| ६ | नौगाड गाउँपालिका | पुनर्निर्माण | ८ | १,९२,५००/- | संघीय सरकार र स्थानीय तहबाट उपलब्ध हुने प्रथम किस्ता रकम भुक्तानी गरिएको। |

**(क) विपदजन्य घटना बाढी/पहिरो रोकथाम/नियन्त्रणका गर्न ग्यावीन तारजालीका लागि सिफारिश गरिएको संख्या** – १० (दश) (व्यक्ति/परिवार/संस्था)

**(ख) जंगली जनावर बाघ र चितुवाबाट चौपाया क्षति भई पिडित परिवालाई राहत सहयोगका लागि डिभिजन वन कार्यालय र अपि नाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलामा सिफारिश गरिएको संख्या** – ५ (पाँच)

**(ग) विपदजन्य घटना बाढी/पहिरोबाट घर क्षति भएका विपद पिडित परिवारलाई नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाबाट गरै खाद्य पदार्थ उपलब्ध गराउनका लागि सिफारिश गरिएको परिवार/व्यक्ति संख्या** –७ (सात) ।

(घ) **विपदजन्य घटना आगलागि, हावहुरी, बाढी/पहिरोबाट घर, खरपात,पसल व्यवसाय क्षति भएका विपद पिडित परिवारलाई राहत सहयोग उपलब्ध गराउन स्थानीय तहहरुलाई सिफारिश गरिएको संख्याः-** 5 (पाँच) ।

(ङ) **विपदजन्य घटना असिना, हावहुरी, वर्षाबाट खेतिपाति, बालिनाली क्षति भई विपद पिडित परिवारलाई राहत सहयोग उपलब्ध गराउन कृषि ज्ञान केन्द्र दार्चुलालाई सिफारिश गरिएको संख्याः-** २ (दुई।

(च) **विपदजन्य घटना हिमपात,असिना, हावहुरी, वर्षाबाट खेतिपाति, बालिनाली क्षति भई विपद पिडित परिवारलाई राहत सहयोग उपलब्ध गराउन भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय धनगढी,कैलालीलाई सिफारिश गरिएको संख्या:- १** (एक)।

**(छ) विपदजन्य घटना हावाहुरी/बाढी/पहिरोबाट वद्यालय क्षति भई पुनर्निर्माणका लागि शिक्षा विकास निर्देशनालय राजपुर, दिपायल डोटीलाई सिफारिश गरिएको संख्या** –१ (एक) ।

**<u>चालु आर्थिक बर्षमा बिभिन्न घटनामा प्रहरीद्वारा उदार गरिएको विवरण :-</u>**

- मिति २०८३।०३।२० गते अं. १२:२० बजेको समयमा जिल्ला दार्चुला महाकाली नगरपालिका ४ शिवनगर खेलमैदान नजिक महाकाली नदीमा जिल्ला दार्चुला महाकाली नगरपालिका ४ बस्ने बर्ष अं.४७/४८ को जमन लुहार हाम फाल्छु भनि गएको भनि स्थानियले देखी टे.फो. मार्फत जिल्ला प्रहरी कार्यालयमा जानकारी गराउना साथ उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट प्र.स.नि.भान बहादुर चन्दको कमाण्डमा ५ जनाको प्रहरी टोली खटि गई निजलाई सम्झाइ बुझाई सकुसल उद्दार गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा ल्याइ सम्झाई बुझाई गरी मनोपरापर्श दिई आफन्तको जिम्मा लगाई पठाएको।
- मिति २०८३।०३।११ गते अं. १३:३० बजेको समयमा जिल्ला दार्चुला महाकाली नगरपालिका ५ किम्तडी स्थित महाकाली नदीमा जिल्ला दार्चुला मालिकार्जुन गाउपालिका ६ बस्ने बर्ष ३० को केशब राम मौर हाम फाल्छु भनि गएको भनि स्थानियले देखी टे.फो. मार्फत जिल्ला प्रहरी कार्यालयमा जानकारी गराउना साथ उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट प्र.स.नि. पदम बहादुर चन्दको कमाण्डमा ५ जनाको प्रहरी टोली खटि गई निजलाई सम्झाइ बुझाई सकुसल उद्दार गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा ल्याइ ऐ.१५:२० बजेको समयमा सकुसल निजको श्रीमतीको जिम्मामा लगाई पठाएको ।
- मिति २०८३।०३।२२ गते अ.०१:३० बजेको समयमा जिल्ला दार्चुला ब्यास गा.पा.४ स्थाई घर भई हाल ऐ.महाकाली न.पा.०४ खलंगा स्थित दिब्याटोल बस्ने बर्ष अ.७० को बिजय सिंह बिष्ट (मानसिक अवस्था ठिक नभएको)ले आफ्नै घरको ट्वाइलेटको झ्यालको फलामको रेलिङमा गलबन्दिको पासो लगाई झुन्डिएको अवस्थामा निजको नातिनि रितिका बिष्टले देखि पासो काटि तत्काल उपचारको लागी जिल्ला अस्पताल दार्चुला लगेको अवस्था सिरियस रहेको भनि,ऐ.०१:३५ बजेको समयमा जानकारी प्राप्त हुदाँ साथ,उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय दार्चुला बाट प्र.स.नि.धन बहादुर कुवँरको कमाण्डमा ४ जनाको प्रहरी टोली खटि गएको।
- मिति २०८३।०३।२१ गते अं. १८:३० बजेको समयमा जिल्ला दार्चुला मालिकार्जुन गा.पा.८ धरमपानि बस्ने बर्ष अं. ३६ को करन कोली र निजको श्रीमती बर्ष अं. २६ की बिमला कोली खलङ्गा बजार बाट घर जाने क्रममा ऐ. मालिकार्जुन गा.पा. ७ जोलजिवि स्थित पुग्दा श्रीमान श्रीमती दुबै जनाको एक आपसमा झगडा हुदा श्रीमती बिमला कोलीले महाकाली नदीमा हाम फालेको भनि जानकारी गराउना साथ उक्त स्थानमा प्रहरी चौकी जोलजिबि दार्चुलाबाट प्र.स.नि. गिरीराम नेपालीको कमाण्डमा ४ जनाको प्रहरी टोली खटि गई निजलाई सकुसल उद्दार गरी प्रहरी चौकी जोलजिविमा ल्याई राखेको, आफन्त को जिम्मा लगाएको।
- मिति २०८३।०१।०५ गते अं.११;०० बजेको समयमा जिल्ला दार्चुला महाकाली न.पा.६ निसिल घर भई हाल ऐ.ऐ. ५ गल्फै बजारमा कोठा गरी बस्ने मनिशा लुहारको छोरा बर्ष अं. ४ को सन्तोष लुहार कोठाबाट हराएको भनि यस कार्यालयमा निबेदन दिना साथ तत्काल प्र.नि.बिक्रम बहादुर शाहीको कमाण्डमा ७ जनाको टोली खटिगई ऐः १३;०० बजेको समयमा ऐ. ४ पुलघाट बजारमा फेला पारी यस कार्यालयमा ल्याई निजको आमाको जिम्मा लगाई पठाएको।
- मिति २०८२/१२/११ गते अ. १८;५५ बजेको समयमा जिल्ला दार्चुला महाकाली नगरपालिका वडा नं. ४ शिबनगर स्थित महाकाली नदीमा जिल्ला दार्चुला नौगाड गा.पा.४ सिप्टि बस्ने बर्ष अ.४७/४८ को नर बहादुर धामीहाम फाल्ने प्रयास गरिरहेको भन्ने खबरप्राप्त हुना साथ उक्त स्थानमा तत्काल जि.प्र.का. दार्चुलाबाट प्र.ना.नि.दुर्गा सिंह धामी को कमाण्डमा ५ जनाको प्रहरी टोली खटि गई सकुशल उद्दार गरि जि.प्र.का. दार्चुलामा ल्याई सम्झाई बुझाई आवश्यक परामर्सका साथ निजको घर परिवारसंग समन्वय गरी ऐ.ऐ बस्ने छिमेकि नरेश ठगुन्नाको जिम्मा लगाई पठाएको ।

## सुरक्षा निकाय, प्रदेश र स्थानीय तह मालिकार्जुन गाँउपालिकाको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धी विवरण:-

**पृष्ठभूमीः**

समाजमा हुने विवध प्रकारका दुर्घटना, बढदो अपराध, लागु औषध दुर्व्यसन तथा सबै विकृति र विसंगतिलाई नियन्त्रण गरी स्वच्छ समाजको स्थापना गरी सर्वसाधारण सबै नागरिकको जीउधनको सुरक्षा गरी सामाजमा शान्ति स्थापना गर्न आवश्यक भएकोले तालुक निकायबाट समय-समयमा प्राप्त निर्देशन तथा गृह मन्त्रालयबाट प्रमुख जिल्ला अधिकारी ज्यू सित गरिएको कार्यसम्पादन सम्झौतालाई समेत मध्यनजर गरी जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थालाई थप सुदृढ गरी समाजमा शान्ति सुरक्षा कायम गर्न प्रमुख जिल्ला अधिकारी सहित जिल्ला स्थित सुरक्षा निकाय, विकास निर्माणसंग सम्बन्धित विषयगत कार्यालय र सबै स्थानीय तहमा समेत शान्ति सुरक्षा, अपराध नियन्त्रण गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त रुपमा सम्पादन गरी कार्यान्वयन गर्न जिल्लाको सबै स्थानीय तहमा सम्बन्धित स्थानीय तहसंगको समन्वयमा विविध कार्यक्रमहरुको सञ्चालन, बैठक तथा मौखिक र लिखित रुपमा पत्राचार समेत गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरीदै आएको छ।

**कार्यक्रमको उद्देश्यः**

- सामाजमा हुने अपराध, विकृति र विसंगतिको न्यूनीकरण गरी स्वच्छ समाज निर्माण गर्ने।
- सरकारी/सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।
- विकास आयोजनाहरुको सुव्यवस्थित सञ्चालन गरी समयमै कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने।
- युवाहरुलाई दुर्व्यसनको कुसंस्कारबाट जोगाई लागु औषध नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- समग्र जिल्लाको शान्ति, सुरक्षाको अवस्थालाई सुदृढ गरी कार्यान्वयन गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

**कार्यक्रम सञ्चालन सम्बन्धी विवरणः**

मिति २०८३/०३/१७ गतेका दिन मालिकार्जुन गाउँपालिका, दार्चुलाका अध्यक्ष श्री हिरा सिह धामी ज्यूको अध्यक्षतामा तथा प्रमुख जिल्ला अधिकारी श्री अनिल पौडेल ज्यूको विशेष आतिथ्यतामा साथै जिल्ला स्थित ३ (तिन) वटै सुरक्षा निकाय जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी वल नेपाल नं. ४४ गण हे.क्वा., दार्चुला तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय दार्चुलाका प्रमुख/प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र स्वस्थ्य स्वयं सेविका तथा स्थानीय बासिन्दाहरुको सहभागितामा मालिकार्जुन गाउँपालिकाको शंकरपुर, पस्तीमा स्थानीय तहमा शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह सम्बन्धी सचेतनामूलक कार्यक्रम सु-सम्पन्न गरियो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक श्री हेम राज भट्टबाट नेपाल प्रहरीबाट जिल्लाको समग्र शान्ति, सुरक्षाका लागि गरिएको कार्य प्रगति विवरण पेश गरिएको तथा सशस्त्र प्रहरी वल नेपाल नं. ४४ गण हे.क्वा., दार्चुलाका सशस्त्र प्रहरी उपरीक्षक श्री गुण राज न्यौपानेबाट जिल्लाको विपद् व्यवस्थापनका सम्बन्धमा सशस्त्र प्रहरी वलबाट गरिएको पूर्व तयारी तथा विपद् खोज तथा उद्धारका सम्बन्धमा सशस्त्र प्रहरीको भूमिका माथि प्रकाश पार्नु भएको ।प्रमुख जिल्ला अधिकारी ज्यूबाट समाजका हुने सबै सामाजिक अपराध, विकृति र विसंगतिलाई अन्य गरी सुशासन कायम गर्न सबै सरकारी निकायहरुले आ-आफ्नो सेवा प्रवाहलाई चुस्त दुरुस्त गरी कार्य गर्नु पर्ने। जिल्ला स्थित सबै स्थानीय तहबाट सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई छिटो छरितो र जनमुखी रुपमा सम्पादन गर्न सूचना प्रविधिको प्रयोगमा जोड दिनु भयो।खुला छलफलमा स्थानीय बुद्धिजीवि तथा सर्वसाधारणहरुका तर्फबाट लागु औषध नियन्त्रणका लागि सीमानाकामा कडा चेकजाँचको व्यवस्था, यातायातका सार्वजनिक सवारी साधनहरुमा क्षमाताभन्दा बढी यात्रुहरुको चापलाई नियन्त्रणका सम्बन्धमा आप्नो धारणा राखिएको थियो।जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थालाई सुदृढ गर्न र चोरी तथा अवैध ढंगले हुने सबै सामाजिक विकृतिका विरुद्ध सुरक्षा निकाय

र जिल्ला प्रशासन कार्यालयलाई समेत आवश्यक सूचना/जानकारी उपलब्ध गराउन सबै क्षेत्रबाट आवश्यक सहयोगका लागि अपिल गरी कार्यक्रम सु-सम्पन्न गरिएको।

जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थालाई सुदृढ गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित सुरक्षा निकायबाट स्थानीय तहसंगको समन्वयमा यथाशक्य रुपमा भूमिका निर्वह गरिने हुँदा आम सर्वसाधारण नागरिकहरुका तर्फबाट पनि आ-आफ्नो तर्फबाट सक्दो भूमिका निर्वह गर्न आग्रह गरिएको।

कार्यक्रम सञ्चालन सम्बन्धी व्यानर, माईन्युट तथा कार्यक्रमका फोटाहरु यसै प्रतिवेदन साथ संलग्न राखि पेश गरिएको छ।

**<u>कार्यक्रममा लिएका फोटाहरु</u>**









**<u>गणतन्त्र दिवस २०८३ को दिवसमा रक्तदान कार्यक्रम</u>**







रक्तसञ्चार केन्द्र दार्चुलाद्वारा गणतन्त्र दिवसको अवसरमा मिति २०८३/०२/१४ गतेका दिन जिल्ला अस्पतालको ल्याब अगाडि आयोजना गरिएको रक्तदान कार्यक्रममा ५ जनाले रक्तदान गरेको । निजामती दिवस २०८२ का सन्दर्भमा ९४ जनाले रक्तदान गरी जिल्लामा पहिलो पटक वृहद रक्तदान सम्पन्न भएको ।

**<u>रक्त सञ्चार केन्द्र दार्चुलाको उद्घाटन कार्यक्रम</u>**




मिति २०८३ वैशाख १३ गतेका दिन दार्चुलामा नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार केन्द्रको एक विशेष समारोहका बीच केन्द्रको उद्घाटन गरिएको । जिल्लामा लामो समयदेखि खड्किएको रगतको अभावलाई टार्न र स्वास्थ्य सेवा प्रवाहलाई थप सबल एवं सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको । साथै रक्त सञ्चार केन्द्रको दैनिक सञ्चालन व्यवस्थापनका लागि कार्यविधि Draft गरि पालिका (महाकाली) बाट अनुमोदन समेत भैसकेको ।

**गणतन्त्र दिवस २०८३ को दिवसमा WALAKATHON कार्यक्रम**




मिति २०८३।०२।१५ गते जिल्ला स्थित सरकारी कार्यालयका कर्मचारी, सुरक्षा निकायका प्रमुख, राजनीतिक दलका प्रमुख/प्रतिनिधी, गैर सरकारी संस्थाका प्रमुख/प्रतिनिधिहरुबाट संयुक्त रुपमा महाकाली नगरपालिकाको सदरमुकाम क्षेत्र गल्फै देखि बंगाबगरसम्म व्यानर सहित वाकथन कार्यक्रम संचालन गरिएको

**गणतन्त्र दिवस २०८३ को दिवसमा सरसफाई कार्यक्रम**



मिति २०८३।०२।१४ गते जिल्ला सदरमुकाम नजिक रहेको धार्मिक तथा पर्यटकिय क्षेत्र डुङरी मन्दिर परिसरमा जिल्ला स्थित नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी सहित सबै सुरक्षा निकायबाट संयुक्त रुपमा सरसफाई कार्यक्रम संचालन गरिएको

**सेवा प्रवाहलाई सरलीकरण गर्न वडा अध्यक्ष/सचिवसंग अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम**





मिति २०८३ वैशाख १८ गते महाकाली नगरपालिकाको सभाहलमा प्रजिअ श्री अनिल पौडेलज्यूको अध्यक्षतामा "सेवालाई सरलीकरण गर्न अन्तरनिकाय समन्वय सम्बन्धी अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम" सम्पन्न भएको। उक्त कार्यक्रममा नगर प्रमुखहरू, सुरक्षा निकाय प्रमुखहरू, वडा अध्यक्षहरू, वडा सचिवहरू तथा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, मालपोत र नापी लगायत विभिन्न विषयगत कार्यालयका प्रमुखहरू सहितको सक्रिय सहभागिता रहेको थियो। सोहि प्रकृतिको कार्यक्रम २०८२ मा समेत गरिएको।

## अपिहिमाल गाउँपालिकामा अन्तरक्रिया कार्यक्रम



मिति २०८३ जेठ १७ गते अपिहिमाल गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष श्री पोखर सिंह लोथ्यालज्यूको अध्यक्षता र दार्चुलाका प्रमुख जिल्ला अधिकारी श्री अनिल पौडेलज्यूको उपस्थितिमा बसेको बैठकमा अपिहिमाल बेसक्याम्प क्षेत्रमा सञ्चार (टेलिफोन) सेवाको विस्तार तथा विद्युतीकरणका समस्या समाधान गर्ने र स्थानीय युवा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने लगायतका विविध समसामयिक विषयहरूमा छलफल गरी महत्त्वपूर्ण निर्णयहरू गरियो।

## नेपाल भारत सीमा समन्वय बैठक कार्यक्रम



नेपाल र भारतका अधिकारीहरू सम्मिलित द्विपक्षीय फिल्ड सर्वेक्षण टोली (FST-IV) को दोस्रो बैठक सन् २०२६ जुन १५ (मिति २०८३ असार १ गते) का दिन कञ्चनपुरको महेन्द्रनगरस्थित होटल ओपेरामा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको।

## इलाका प्रशासन कार्यालय गोकुलेश्वर उद्घाटन कार्यक्रम










दार्चुला जिल्लको शैल्यशिखर नगरपालिका वडा नं. ९ स्थित गोकुलेश्वरमा ऐ. नगरपालिकाको पशु सेवा शाखाको भवनको दोस्रो तल्लाबाट दैनिक सेवा प्रवाह नागरिकता, राष्ट्रिय परिचय पत्र वितरण सेवा शुरु गरिएको।

## बजार अनुगमन



सहायक प्रमुख जिल्ला अधिकारी श्री मोहन सिंह धामी सम्मलित अनुगमन टोली द्वारा जेठ महिनामा महाकाली नगरपालिका खलंगा बजार क्षेत्रमा रहेका ग्यास डिलर, बिक्रेताहरुको अनुगमन गरिएको ।


## कार्यालयको मुल ढोकामा सहायक कक्षा स्थापना



**<u>सेवाग्राहीहरुका लागि बसाई व्यवस्थापन:-</u>**



**<u>कार्यालय भित्र टिभी जडान गरिएको:-</u>**



**कार्यालय भित्र हुलाक टिकट काउँटर व्यवस्थापन:-**




## १६. सूचना अधिकारी र प्रमुखको नाम र पद :

**क) कार्यालय प्रमुख :**

- **नाम:** वर्तराज पौडेल
- **पद:** प्रमुख जिल्ला अधिकारी

**ख) सूचना अधिकारी :**

- नाम: मोहन सिंह धामी
- पद: सहायक प्रमुख जिल्ला अधिकारी

## १७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४

- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- विवाह दर्ता नियमावली, २०२८
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- गृह प्रशासन सुधार कार्ययोजना योजना, २०७४
- जिल्ला स्तरीय विभिन्न कार्ययोजनाहरु

## १८. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

- स्थानीय सञ्चार माध्यम/पत्रकारहरुसंग नियमित रुपमा भेटघाट, अन्तर्क्रिया हुने गरेको ।
- सूचनाका लागि कार्यालयमा कुनै निवेदन प्राप्त नभएको ।

## १९. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:-

**१. अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ।**

**२. सार्वजनिक निकायको बेभसाईट भए सोको विवरण ।**

**Website:-** www.daodarchula.moha.gov.np

- सार्वजनिक निकायले प्राप्त गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।
- सार्वजनिक निकायले वर्गिकरण तथा संचालन गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।
- **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:-** लिखित रुपमा सूचना माग नभएको ।

**३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सोको विवरण ।**

यस कार्यालयका सार्वजनिक गर्नु पर्ने सम्पूर्ण सूचनाहरु यस कार्यालयको Website, Facebook Page र Twitter मार्फत उपलब्ध गराईएका छन् ।

**Website:-** www.daodarchula.moha.gov.np

**Facebook Page:-** www.facebook.com/daodarchula

**Twitter account:-** @daodarchula